# आर्थिक बर्ष २०७९/०८० को मौद्रिक नीतिका लागि सिबिफिनद्वारा पेश सुझावहरु :

| क्र.स | हालको व्यवस्था | हुनुपर्ने व्यवस्था | औचित्य एवं कारणहरु |
|---|---|---|---|
| १. | **संस्थापक शेयर रुपान्तरण सम्बन्धमा :**<br>बैंक तथा वित्तीय संस्था ऐन, ०७३ को दफा ११ को ४ मा दफा ९ को उपदफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैंक तथा वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको दश बर्ष पुगेपछि पूँजीबजार, बैंकिङलगायतसमग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई पुर्नविचार गरी राष्ट्र बैंकको स्वीकृतिमा संस्थापक शेयर क्रमशः साधारण शेयरमा परिणत गर्न सक्नेछ । | क) बैंक तथा वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको दश बर्ष पुगेपछि पूँजीबजार, बैंकिङलगायतसमग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई पुर्नविचार गरी राष्ट्र बैंकको स्वीकृतिमा संस्थापक शेयर क्रमशः साधारण शेयरमा परिणत गर्न सक्ने व्यवस्था गरिनेछ ।<br>ख) संस्थापक शेयर तत्काल Tradable हुने वा फिट एण्ड प्रोपर टेस्टको प्रक्रिया निर्धारण गरी राष्ट्र बैंकको अनुमति लिन नपर्ने गरी तत्काल Tradable बनाउने अख्तियारी NEPSE लाई प्रदान गरिनेछ । | क) संचालनमा आएको १० बर्षपछि बैंक तथा वित्तीय संस्थाले स्थायित्व प्राप्त गरिसक्ने हुँदा संस्थापक शेयर साधारण शेयरमा रुपान्तरण गर्न पाउने व्यवस्था युक्तिसंगत हुनुकासाथै अन्य देशहरुमा संस्थापक शेयर र साधारण शेयरको मूल्य समेत समान भएको सन्दर्भमा नेपालमा समेत सो व्यवस्था कार्यान्वयनमा लैजानु सान्दर्भिक हुने भएकाले ।<br>ख) नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड र नविल बैंकको संस्थापक शेयरलाई विगतमा Tradable बनाइ कारोबार गरिसकिएको नजिर समेत भएकोले । यसो गर्दा केही व्यक्ति वा समुहमा केन्द्रितकृत हुने जोखिम न्यूनिकरण हुने र बजार पूँजीकरण मूल्य पनि यथार्थपरक हुने भएकोले । |
| २. | **CD Ratio सम्बन्धमा :**<br>बैंक तथा वित्तीय संस्थाहरुले २०७९ असार मसान्तसम्ममा कर्जा-निक्षेप अनुपात (Credit Deposit Ratio) अधिकतम ९० प्रतिशत कायम गर्नु पर्ने व्यवस्था गरी विद्यमान कर्जा-स्रोत परिचालन अनुपात (CCD Ratio) सम्बन्धी व्यवस्था खारेज गरिनेछ । पुँजी कोष र पुँजी कोषको अङ्गको रुपमा रहेका ऋणपत्र वाहेकका ऋणपत्र र सापटीलाई उपरोक्त बमोजिमको कर्जा-निक्षेप अनुपातमा समायोजन गर्न सकिने व्यवस्था गरिनेछ । (**मौद्रिक नीति, ०७८/०७९ को नियम नं १०१**) | समग्र अर्थतन्त्र र बैंक तथा वित्तीय क्षेत्रमा परेकोको दबावलाई न्यूनिकरण गर्न **CD Ratio** को अनुपात ९५% पुऱ्याइनेछ। यसरी **CD Ratio** को अनुपातमा ५% ले बढाउँदा हुन आउने रकम उत्पादनमूलक क्षेत्रमा अनिवार्यरुपमा कर्जा सुविधा उपलब्ध गराउनुपर्ने शर्तसहितका व्यवस्थाहरु गरिनेछ ।<br>वा<br>कोभिड-१९ को मारबाट तंग्रिदै गरेको अर्थतन्त्र र आगामी दिनमा लगानीमा पर्ने दबावलाई मध्यनजगर गर्दै आगामी १ बर्षका लागि उल्लेखित व्यवस्था स्थगन गरी पूर्ववत CCD Ratio को व्यवस्था नै लागू गरिनेछ । | • करिव १ बर्ष देखि निक्षेप बृद्धिमा कमी आएको,<br>• केहि समय यता कर्जा प्रवाह लगभग रोक्दा पनि **CD Ratio** को अनुपात लगभग ९०% माथि हुने अबस्था आएको,<br>• आगामी १ बर्षसम्मलाई ९५ प्रतिशत कायम राखेमा त्यसैले सबैतिर सकरात्मक प्रभाव पार्ने भएकाले,<br>• उत्पादनमूलक क्षेत्रमा बढ्ने लगानीले उत्पादकत्वमा वृद्धि भइ आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा समेत सहयोग पुग्न गइ आत्मनिर्भर अर्थतन्त्र निर्माणमा टेवा पुग्ने भएकोले । |
| ३. | डिजीटल बैंकिङ सम्बन्धमा :<br>थप व्यवस्था गर्नुपर्ने | बैंक तथा वित्तीय संस्थाहरुलाई नियमन गरेजस्तै डिजीटल बैंकिङका सेवाप्रदायकहरुलाई नियमन तथा व्यवस्थापन गर्ने बलियो र उपयुक्त प्रणाली विकास गरी लागू गरिनेछ। साथै, डिजीटल बैंकिङ सेवालाई | • विद्युतिय भुक्तानी कारोबारका लागि खुलेका संस्था र संचालकहरुबाट हुने कारोवारलाई |

| | | | |
|---|---|---|---|
| | | दिगोरुपमा संचालन गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुलाई सहायक कम्पनी खोल्न अनुमति प्रदान गरिनेछ । | नियमन र व्यवस्थित गर्न अत्यावश्यक देखिएको र संचालन जोखिम पनि कम हुने भएकोले ।<br>● यस्ता खालका डिजीटल बैंकिङ सेवा गर्ने संस्थाहरुलाई छिमेकी देश भारतमा समेत नियमन र सुपरिवेक्षण गरी १० भन्दा पनि कम संस्थालाई मात्र यस्तो इजाजत दिइएको । तर, हाम्रो जस्तो सानो देशमा करिव ३० संस्थालाई इजाजतपत्र दिएकाले जोखिए बढेको,<br>● समग्र अर्थतन्त्रमा पर्ने जोखिम न्यूनिकरणका लागि बैंक तथा वित्तीय संस्थाहरुलाई सहायक कम्पनी खोल्न दिने सुविधा उपलब्ध गराउँदा उपयुक्त हुने भएकोले । |
| ४. | आधार दर (Base Rate) गणना सम्बन्धमा आधार दर गणना गर्दा संचालन खर्चको ८५ प्रतिशत मात्र समावेश गर्ने व्यवस्था भएको । | आधांर दर गणनामा शतप्रतिशत संचालन खर्च र सम्पतिमा ०.७५ प्रतिशत प्रतिफल समावेश गरी गणना गर्न पाउने व्यवस्था गरिनेछ । | ● संचालन खर्चलाई शतप्रतिशत आधार लिंदा (Base Rate) को गणना थप तर्कपूर्ण र वास्तविक देखिने भएकाले,<br>● सम्पत्तिमा न्यूनतम प्रतिफलको पनि व्यवस्था आधार दरमै गर्न सकिएमा प्रतिस्पर्धाको कारण प्रिमियम कम लिनुपर्ने अवस्था आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको प्रतिफलमा ठूलो असर नपार्ने भएकाले । |
| ५. | **सेवा शुल्क सम्बन्धमा :**<br>थप व्यवस्था गरिनुपर्ने | बैकिङ सेवा उपलब्ध गराउँदा लाग्ने सेवा शुल्क तोक्ने र लिन पाउने अधिकार बैंक तथा वित्तीय संस्थाहरुलाई नै प्रदान गरिनेछ । | ● उदार अर्थतन्त्रको अवधारणा अनुसार बैंक तथा वित्तीय संस्थाहरुको भूमिका र संचालन खर्च तिब्र गतिमा बढिरहेको सन्दर्भमा व्याजदर, शुल्क आदि तोक्ने विषयमा बैंक तथा वित्तीय संस्थाहरुलाई नै सेवा शुल्क लिने अधिकार दिनु उपयुक्त देखिने ।<br>● यस्तो शुल्क स्वयं बैंक तथा वित्तीय संस्थाले तोक्ने अन्तराष्ट्रिय बैंकिङ अभ्यास पनि रहेकाले ।<br>● सेवा शुल्क उठाउने विषयमा राष्ट बैंकले बढि नियन्त्रण गर्दा बैंकहरुको Fee Income to Total Revenue Ratio निरन्तर घट्दै गइरहेको हुँदा |

| | | | |
|---|---|---|---|
| | | | यसले बैंक तथा वित्तीय संस्थाको खर्च व्यवस्थापनमा कठिनाइ उत्पन्न भएकोले । |
| ६. | **फरक व्याजदर (Dual Interest Policy) लागू गर्ने सम्बन्धमा :**<br>मौद्रिक नीतिको समिक्षा र बजेटले गरेको व्यवस्था | कम उत्पादनमुलक क्षेत्रमाभन्दा उत्पादनमुलक क्षेत्रमा प्रवाह हुने कर्जाको व्याजदरमा ४ प्रतिशत कम व्याज दर कायम गरी लागू गरिनेछ । | • आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन, उत्पादनमुलक क्षेत्रहरुको विकास एवं विस्तार गर्दै आत्मनिर्भर अर्थतन्त्रको निर्माणतर्फ अग्रसर हुनुपर्ने आजको टड्कारो आवश्यकता भएकोले ।<br>• रोजगारी सिर्जना गर्ने, Value Addition गर्ने उत्पादनमूलक उद्योगलाई र आयात गरी वस्तु बिक्री गर्ने व्यवसायलाई बराबर व्याजदर कायम गर्दा स्वदेशी उद्योगले प्रतिस्पर्धा गर्न नसक्ने र सदैव आयातमा निर्भर भइराख्नु पर्ने भएकाले । |
| ७. | **कृषि उत्पादन र प्रशोधन उद्योगलाई कर्जा प्रवाह सम्बन्धमा (बजेटको बुँदा नं ३२३) :**<br>बाणिज्य बैंकको प्रत्येक शाखाले कम्तीमा ५ वटा कृषि उत्पादन र प्रशोधन उद्योगलाई कर्जा प्रवाह प्रदान गर्नुपर्ने व्यवस्था मिलाइने । उद्यमीहरूलाई परियोजनाका आधारमा उत्पादन कर्जा सहजरूपमा उपलब्ध गराउन लघु वित्त वित्तीय संस्था मार्फत ऋण उपलब्ध गराइने। | बाणिज्य बैंकको प्रति शाखा ५ को सट्टा बैंकको कुल शाखा संख्याका आधारमा कृषि उत्पादन र प्रशोधन उद्योगलाई कर्जा प्रवाह प्रदान गर्ने व्यवस्था गरिनेछ। | मौद्रिक नीतिमा व्यवस्थित प्रति शाखा १० वटा र निर्देशित कर्जा अन्तर्गत १५ प्रतिशत कृषि क्षेत्रमा पुऱ्याउनुपर्ने व्यवस्थाका अलवा बजेटमा पुनः बाणिज्य बैंकको प्रत्येक शाखाले कम्तीमा ५ वटा कृषि उत्पादन र प्रशोधन उद्योगलाई कर्जा प्रवाह प्रदान गर्नुपर्ने व्यवस्थाले बैंकलाई थप चुनौनी थपिएको छ। कर्जा प्रति शाखा भन्दा समग्रतामा लक्ष तोकिनु उपयुक्त हुने भएकाले । |
| ८. | **Merger & Acquistion सम्बन्धमा :**<br><br>**मौद्रिक नीतिको नियम नं ११९ मा भएको व्यवस्था** | कम्तिमा पनि आगामी आर्थिक वर्षभरीको अवधिका लागि मौजुदा व्यवस्था कायम गरी गाभ्ने/गाभिने र प्राप्तिको अवसर सहित देहायका थप सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>क) बैंक तथा वित्तीय संस्थाहरु एक-आपसमा गाभिएमा थप १ प्रतिशत Interest Spread रेटको सुविधा आगामी २०८० सम्म दिने भनिएकोमा २०८२ सालसम्मका लागि निरन्तरता दिइनेछ । | नेपालको समग्र अर्थतन्त्रमा परेको दबाव, बैंक तथा वित्तीय क्षेत्रमा देखापरेको तरलता अभाव र तरलता अभावबाट सृजित समस्याहरुको उचित व्यवस्थापन गर्दै पुँजीगत क्षमता र वित्तीय सबलतासँगै जोखिमवहन, लगानी, कर्जा सापटीको क्षमता, पहुँच बढाउन, र मानवीय स्रोत जुटाउन पनि मद्दत पुग्ने र अर्थतन्त्र एवं आर्थिक गतिविधिहरुलाई चलायमान बनाउन सहयोग पुग्ने देखिएकोले । |

| | | | |
|---|---|---|---|
| | | ख) Dividend Tax मा भइआएको ५% छुटलाई ३ बर्षसम्म निरन्तरता दिइनेछ ।<br>ग) गाभ्ने र गाभिने वा प्राप्तीको प्रक्रियामा जाने बैंक तथा वित्तीय संस्थाहरुले तत् अवस्थामा वहाल रहेका संचालक समितिमा रहेका प्रतिनिधि र कर्मचारीहरुलाई समायोजन गर्नुपर्नेलगायतका भारहरुको व्यवस्थापनका लागि गाभ्ने र गाभिने वा प्राप्ती भएपछिको पहिलो साधारणसभासम्मको लागि संचालक समितिको आकार ९ सदस्यीय हुने व्यवस्था कायम गरिनेछ । | |
| ९. | **ब्रोकर लाइसेन्स दिने व्यवस्था सम्बन्धमा :**<br>थप व्यवस्था गरिनुपर्ने | बैंक तथा वित्तीय संस्थाहरुलाई समेत ब्रोकर लाइसेन्स दिने विशेष व्यवस्था गरिनेछ। | देशैभरी छरिएर रहेका बैंकहरुका शाखा कार्यालयमार्फत बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण इलाका एवं दुरदराजका स्थानीयहरुको शिरानी वा पटुकामा असुरक्षितरुपमा राखिएका रकम संकलनसहित उक्त रकमलाई लगानीमा परिणत गर्ने, वित्तीय पहुँच अभिवृद्धिमा योगदान पुग्ने र पुँजीबजारको विकास एवं विस्तार गर्न सहयोग पुग्ने भएकोले । |
| १०. | **स्थानीय तहको बैंक खाता संचालन तथा निक्षेप गणना सम्बन्धमा :**<br>थप व्यवस्था गरिनुपर्ने । | १. प्रदेश तथा स्थानीय तहको बैंक खाता वाणिज्य बैंकहरुमा मात्र संचालन हुने हालको व्यवस्थालाई नीतिगत परिवर्तन गरी पायक पर्ने विकास बैक तथा वित्तिय संस्थाहरुमा समेत खाता संचालन गर्न सक्ने गरी व्यवस्था गरिनेछ ।<br>२. स्थानिय तहको सरकारी निक्षेपलाई सरकारी बाणिज्य बैंकबाट सो सरहका अन्य बैंकमा सार्दा सहमति लिनुपर्ने व्यवस्थालाई सरलीकृत गरी सतप्रतिशत निक्षेपमा बैंकहरुले गणना गर्न पाउने व्यवस्था समेत कायम गरिनेछ । | मोफसलमा अग्रभागमा रही बैंकिङ सेवा प्रदान गरिरहेका विकास बैंक तथा वित्तीय कम्पनीहरुलाई समेत हौसला प्रदान गर्दा दुरदराजमा समेतसर्वसाधारणहरुको बैंकिङ पहुँच बृद्धि गर्न सहयोग पुग्ने भएकोले । |
| ११. | **Asset Management Company को स्थापना सम्बन्धमा :**<br>थप व्यवस्था गर्नुपर्ने । | बैंक तथा वित्तीय संस्थाहरुको लगानी र व्यवस्थापनमा संचालन हुने गरी बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रदान गर्दा धितोकोरुपमा लिएका सबै किसिमका जमानतहरुको व्यवस्थापनको लागि | नेपाल सरकारले घरजग्गा धितोमा कर्जा उपलब्ध नगराउने गरी गरेको निर्णय र सो माथि सर्वोच्चको अन्तरिम आदेश जस्ता कारणले अस्थिर भइरहेको र बैंक तथा वित्तीय संस्थाहरुको प्रायः जसो कर्जा लगानी गर्दा घरजग्गाको धितोमा प्रवाह गर्ने अभ्यास रहेको र राष्ट्रिय |

| | | | |
|---|---|---|---|
| | | Asset Management Company स्थापना गर्न अनुमति दिइनेछ । | अर्थतन्त्रको परिसूचकहरु सकारात्मक नभइरहेको अवस्थामा कर्जा लगानीमा पर्ने नकारात्मक असरले Assets Trap को अवस्था श्रृजना हुने संभावना अधिक रहेकोले । |
| १२. | **कर्जा तथा सुविधा धितो सुरक्षणस्वरुप लिइने कानुनी लिखतहरुमा एकरुपता कायम गर्ने सम्बन्धमा :**<br>थप व्यवस्था गर्नुपर्ने । | जुनसुकै प्रकारको कर्जा सुविधा प्रवाह गर्दा ऋणी र जमानतकर्ताबाट तयार गर्ने गराउने जुनसुकै लिखतहरुको व्यहोरा र ढाँचामा एकरुपता कायम गर्ने गरी नेपाल राष्ट्र बैंकले स्तरीय नमुना बनाइ सोही नमूनाका आधारमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । | १. बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गर्दा आ-आफ्नो व्यहोरा र ढाँचाहरुको प्रयोगले बैंक तथा वित्तीय सेवामा विविधता भइ त्यस किसिमका कागजातहरु कानूनीरुपमा कमजोर हुने र त्यसबाट उत्पन्न हुने जोखिम कम गर्न आवश्यक भएकोले ।<br>२. समान प्रकृतिका लिखतहरुले बैंक तथा वित्तीय संस्थाहरुकावीचमा एकरुपता कायम हुने, अड्डा अदालत तथा नियामक निकायहरुलाई समेत त्यस्ता लिखतहरुको अध्ययन तथा विश्लेषण गर्न सहज हुने र बैंकिङ सेवा प्रवाहमा समेत छिटो छरितो, प्रभावकारीसहित विश्वसनियता कायम हुने भएकोले । |
| १३. | **पुनर्कर्जाको निरन्तरता सम्बन्धमा :**<br>कोभिड-१९ महामारीबाट प्रभावित उद्योग/व्यवसायको शीघ्र पुनरुत्थानको लागि कार्यान्वयनमा ल्याइएको पुनरकर्जाको विद्यमान व्यवस्थालाई निरन्तरता दिँदै गत आर्थिक वर्षमा व्यवस्था गरिएको पुनरकर्जा रकमको अधिकतम सीमा नघट्ने गरी पुनरकर्जा सुबिधा उपलब्ध हुने व्यवस्था मिलाइने छ । पुनरकर्जा सुबिधा उपलब्ध गराउँदा लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसायलाई प्राथमिकता दिइने छ । (मौदि<br>**(मौद्रिक नीति, ०७८/७९ को नियम नं ९२)** | उद्योग व्यवसायहरुको पुनरुत्थान तथा स्तरोन्नतिका लागि उनीहरुको आर्थिक गतिविधिहरुलाई चलायमान बनाउनको लागि पुनर्कर्जाको सिमा बढाइ यस आर्थिक वर्ष २०७९/८० मा पनि निरन्तरता दिइनेछ । | आ.व. २०७९/०८० को लागि प्रस्तुत बजेटले निजी क्षेत्रलाई आर्थिक सबलीकरणको इन्जिनकोरुपमा अगाडि बढाएको सन्दर्भमा कोभिड-१९, तरलता अभाव र महंगीको असरबाट ग्रस्त भइ तंग्रिनका लागि प्रयासरत उद्योग व्यवसायहरुको आार्थिक गतिविधिहरुलाई चलायमान बनाउन र संकटोन्मुख अर्थतन्त्रको सबलीकरणका लागि समेत अत्यावश्यक भएकोले । |
| १४. | **संस्थापक शेयर धितो कर्जा सम्बन्धमा :**<br>**थप गर्नुपर्ने** | संस्थापकले आफ्नो शतप्रतिशत संस्थापक शेयर धितो राखी कर्जा लिइ उत्पादनमूलक क्षेत्रमा लगानी गर्न पाउने व्यवस्था कायम गरिनेछ । | संस्थापक शेयरधितो कर्जामा सीमा तय गर्दा त्यसले पूँजी निर्माण एवं परिचालन, ठूला पूर्वाधार विकास, नयाँ उद्यमशिलता विकास, आयात प्रतिस्थापन एवं निर्यात |

| | | | |
|---|---|---|---|
| | | | प्रबर्द्धन, कृषि, उत्पादन र रोजगारीमूलक व्यवसायको स्थापना, विकास एवं विस्तारको कार्यमा बाटो नै अवरुद्ध हुने अवस्था देखिएको र यसले उत्पादन तथा आत्मनिर्भरमूखी अर्थतन्त्र निर्माणमा सोभ्को असर पर्ने भएकोले । |
| **१५.** | **ग्रामीण क्षेत्रमा शाखा खोल्ने बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहन सम्बन्धमा :**<br><br>हाल व्यवस्था नभएको | उपयुक्त यातायात, सञ्चार तथा नेटवर्किङ् आदिको पहुँच नपुगेका दुर्गम तथा पिछडिएका स्थानमा समेत शाखा खोल्दा भोग्नुपर्ने विभिन्न कठिनाइका बावजुद बैंकिङ् पहुँच अभिवृद्धिका लागि योगदान दिने बैंक तथा वित्तीय संस्थाहरु राष्ट्र बैंकद्वारा परिभाषित क्षेत्रमा **शाखा खोल्ने बैंक तथा वित्तीय संस्थाको लागत बढी हुने हुँदा प्रोत्साहनस्वरुप स्प्रेड रेटलगायत अन्य सहुलियतहरु प्रदान गरिनेछ ।** | घर-घरमा असुरक्षित रुपमा राखिएका रकम बैंकिङ् प्रणालीमा आई स्रोत परिचालनका लागि टेवा पुग्ने, पूँजीको स्रोत जुटी ग्रामीण एवं दुर्गम क्षेत्रमा समेत साना तथा मभ्फौला उद्योग स्थापना भई रोजगारीका अवसर बढ्ने, स्थानीय कच्चा पदार्थको उपयोग भई सन्तुलित आर्थिक विकासमा टेवा पुगी आर्थिक स्थायित्व कायम गर्न मद्दत पुग्ने र ग्रामीण क्षेत्रको संतुलित विकास भइ आर्थिक वृद्धिदर बढाउन सहयोग पुग्ने भएकाले । |
| **१६.** | **संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम सम्बन्धमा (बजेटको बुँदा नं ३१९) :**<br>लघुवित्त र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरीवेक्षण व्यवस्था प्रभावकारी बनाइनेछ । सीमान्तकृत तथा दलित समुदायको वित्तीय पहुँच अभिवृद्धि गर्न सीमान्तकृत तथा दलित उत्थान कोष स्थापना गरिनेछ । बैंकहरूले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमको लागि छुट्याएको रकमको न्यूनतम पचास प्रतिशत सो कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरिनेछ। यस्तो कोषबाट परिचालन गरिने रकम उत्पादनशील क्षेत्रमा मात्र लगानी गर्ने व्यवस्था । | नेपाल राष्ट्र बैंकले तोकेको निर्देशानुसार संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम व्यवस्थापन गर्ने स्वायत्तता बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गरिनेछ । | बैंक तथा वित्तीय संस्थाले CSR Fund अन्तर्गत छुट्याउने रकममा प्रचलित कानुन अनुसारको कर भुक्तान गरी कर सम्बन्धी दायित्व वहन गरिसकेका हुन्छन् । तसर्थ, सामाजिक, आर्थिक, बैंकिङ, शैक्षिक, सांस्कृतिक, स्वास्थ्य तथा पर्यावरणीय र वृत्ति विकास जस्ता सामाजिक सेवाका क्षेत्रहरुको रुपान्तरणका लागि गरिने यस किसिमका खर्चहरुलाई मौजुदा निर्देशनानुसार नै खर्च गर्न दिने व्यवस्थाले बैंक तथा वित्तीय संस्थालाई समाजप्रति थप जिम्मेवार बनाउन प्रेरित गर्ने भएकोले । |
| **१७.** | **प्रतितपत्रको कारोबार सम्बन्धमा :**<br>नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रियतरका विकास बैंकहरुलाई स्वदेशी प्रतितपत्रको कारोबार गर्न स्वीकृति दिने व्यवस्था मिलाइनेछ । (**मौद्रिक नीति, ०७४।७५**) | नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रियतरका विकास बैंक तथा वित्तीय संस्थाहरुलाई प्रतितपत्रको कारोबार गर्न स्वीकृति दिने व्यवस्थालाई कायान्वयनमा ल्याइनेछ । | नीतिगत स्थिरता कायम गर्दै न्यून संख्यामा खुम्चिएका ख र ग वर्गका वित्तीय संस्थाहरुको स्तरोन्नति तथा सवलीकरण गर्न आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| | | | |
| १८. | **बैंक जमानत सम्बन्धमा :**<br>“बाणिज्य बैंक तथा वित्तीय संस्था” बाट जारी गरिएको बैंक जमानत भन्ने उल्लेख गरिएको ( **सार्बजनिक खरिद नियमावली २०६४ को नियम नं ५३ (छैठौं संशोधन**) | “बाणिज्य बैंक तथा वित्तीय संस्था” बाट जारी गरिएको बैंक जमानत भन्ने उल्लेख गरिएको र यस अनुसार बिकास बैंक र फाइनान्स कम्पनीबाट पनि जमानत जारी गर्न सकिने भएपनि व्यवहारतः सरकारी कार्यालयहरुले अझै पनि बिकास बैंक तथा फाइनान्स कम्पनीहरुले जारी गरेको बैंक ग्यारेन्टी स्वीकार नगरेकोले उक्त संस्थाहरुबाट जारी जमानत पनि सरकारी कार्यालयहरुले समेत स्वीकार गर्ने व्यवस्थाका लागि राष्ट्र बैंकमार्फत सहजीकरण गरिनेछ । | कानुनतः व्यवस्था भएको विषयलाई कार्यान्वयनमा लैजानका लागि नेपाल राष्ट्र बैंकबाट सम्बन्धित माथिल्लो निकायमा सहजीकरण गरी बुझाउन पहल गर्दा त्यसले राम्रो वातावरण निमार्ण गर्ने भएकोले । |
| १९. | **विदेशी मुद्रा कारोवार सम्बन्धमा :**<br>बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन ०७३ को दफा ४९ को उपदफा ३ को अतिरिक्त खण्डको च | स्वीकृत प्राप्त वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विदेशी मुद्राको कारोवार गर्न सक्ने व्यवस्था गरिनेछ । | मनी एक्सचेन्जर तथा साना साना होटलहरुले समेत विदेशी मुद्राको कारोवार गरिरहेको सन्दर्भमा वित्तीय कम्पनीहरुलाई कानुनतः व्यवस्था भएको सुविधा उपयोग गर्न दिनु उपयुक्त भएकोले । |
| २०. | **ग्राहक जीवन विमा सम्बन्धमा :**<br>थप नयाँ व्यवस्था गर्नुपर्ने । | बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकहरुको मात्र जीवन विमा गर्ने प्रयोजनार्थ संस्थागत वीमा अभिकर्ता भई काम गर्न पाउने पुरानो व्यवस्थालाई निरन्तरता दिइनेछ । | बैंक तथा वित्तीय संस्थाहरुको शाखाहरु ग्रामिण भेगमा समेत संचालित भएकोले विमामा पहुँच (Access to Insurance) सजिलै बढ्न जान्छ । यस किसिमको व्यवस्था अन्तराष्ट्रियस्तरमा समेत प्रचलनमा ल्याइएको हुँदा यो व्यवस्था गर्नु मनासिव देखिएकोले । साथै दुरदराजका बासिन्दाले शिरानीमुनी राखेको रकम संकलन हुने र तरलता व्यवस्थापनमा समेत सहयोग पुग्ने भएकोले । |
| २१. | **संस्थापक शेयरधनी कर्जा सम्बन्धमा :**<br>थप व्यवस्था गरिनुपर्ने । | आधारभूत शेयरधनीको स्पष्ट परिभाषासहित बैंक तथा वित्तीय संस्थाहरुको १ प्रतिशतभन्दा कम संस्थापक शेयर धारण गरेका संस्थापक शेयरधनीहरुले सर्वसाधारण शेयरधनी सरह सोही बैंक तथा वित्तीय संस्थाको बार्षिक प्रतिवेदनमा घोषणा गर्ने गरी कर्जा उपभोग गर्न पाउने व्यवस्था मिलाइनेछ । | सामाजिक न्यायको सिद्धान्त बमोजिम सम्बन्धित बैंकमा लगानीकर्ताले गरेको आर्थिक, शारिरीक एवं बौद्धिक लगानीको उचित मूल्याङ्कन गर्नु औचित्यपूर्ण देखिएकोले । साथै, बैंक तथा वित्तीय संस्थाका लगानीकर्ताहरुमाथि कानूनतः गरिएको विभेद हटाउनु नागरिकको मौलिक हक अनुकुल हुने भएकोले । |
| २२. | **मुद्दति निक्षेप सम्बन्धमा :**<br>थप व्यवस्था गर्नुपर्ने । | बैक तथा वित्तीय संस्थाहरुले न्यूनतम १ बर्ष भन्दा कम अवधिको लागि मुद्दति निक्षेप गर्न नपाउने व्यवस्था गरिनेछ । | निक्षेप संकलनका क्रममा अस्वस्थ्य प्रतिस्पर्धा देखिएको र छोटो अवधिको निक्षेप संकलन गरी लामो अवधिको लागि लगानी गर्दा त्यसले तरलता व्यवस्थापनमा दबाव पर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| २३. | **पूर्वाधार बैंकले मुद्धति निक्षेप गर्न पाउने व्यवस्था सम्बन्धमा :**<br>नयाँ व्यवस्था गरिनुपर्ने | पूर्वाधार बैंकले लगानीका लागि देश/विदेशबाट जम्मा गरेको रकम वाणिज्य बैंकहरुमा मुद्धति निक्षेपमा राख्न पाउने व्यवस्था गरिनेछ । | लगानीका क्षेत्र पहिचान नभइसकेको अवस्थामा जम्मा भएको रकम मुद्धति निक्षेपमा राख्न पाउने व्यवस्थाले बैंकको संचालनमा सहजता प्रदान गर्ने भएकोले । |
| २४. | **भवन भाडामा लगाउने सम्बन्धमा :**<br>थप नयाँ व्यवस्था गर्नुपर्ने । | बैंक तथा वित्तीय संस्थाहरुको स्वामित्वमा रही उपयोग भइरहेको परिसर बाहेकको उक्त भवनको खाली क्षेत्र भाडामा लिन/दिन पाउने व्यवस्था गरिनेछ । | उद्योग/व्यवसाय तथा विमा कम्पनीहरुमा लागू भइसकेको यो व्यवस्था लागू गर्दा बैंक तथा वित्तीय संस्थाहरुको व्यवस्थापकिय खर्च व्यवस्थापनमा सहयोग पुग्ने र सरकारका लागि समेत ठूलो मात्रामा राजस्व प्राप्ति भई अर्थतन्त्रमा नै योगदान पुग्ने भएकोले । |
| २५ | निक्षेप सुरक्षणको शुल्क सम्वन्धमा :<br>संशोधन गरिनुपर्ने । | हालको ३ लाख रुपैंयाँको सीमालाई बढाउन आवश्यक नदेखिएको र हाल लागू गरिएको शुल्कलाई पनि करिव ७५ प्रतिशतले कटौति गरिनेछ । | • बैंक तथा वित्तीय संस्था समस्याग्रस्त हुने तथा इजाजतपत्र रद्ध गर्नुपर्नेसम्मको अवस्था आए पछि निक्षेप तथा कर्जा सुरक्षा कोषबाट निक्षेप सुरक्षणको व्यवस्था मिलाइएको,<br>• यो व्यवस्था मिलाइए पछि एउटा पनि घटना घटेको दृष्टान्त नभएको,<br>• तर, शुल्क अत्यन्तै चर्को भएकाले बैंक तथा वित्तीय संस्थाले बार्षिकरुपमा १ अर्व ५० करोड रुपैंयाँ भन्दा बढी शुल्क तिर्नुपर्ने अवस्था आइसकेको, |
| २६ | ग्रिन फाइनान्सिङ् | Green Financing लाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ । | Green Financing लाई परिभाषित गर्ने र Green Financing सम्बन्धी तथ्यांक मासिकरुपमा प्रकाशित गर्दा यस्मा भएको प्रगति थाहा हुने र Sustainable Development Goals हासिल गर्न सहयोग पुग्ने भएकाले । |
| २७ | संचालन जोखिम | Internal Fraud/Operational Risk सम्बन्धी घटनाहरु घट्ने क्रम बढ्दै गइरहेकाले यस सम्बन्धमा Awareness Creating Program हरु पनि गर्दै जाने सम्बन्धमा नीतिगत व्यवस्था गरिनेछ । | • सर्वसाधारणमा अज्ञानता कायम नै रहेको,<br>• कर्मचारीहरुले पनि यस सम्बन्धमा अझै पनि धेरै कुरा जानकारी प्राप्त गर्न बांकी रहेको,<br>• अब बैंक तथा वित्तीय संस्था ठूला भएकाले संचालन जोखिमका घटना झन् बढ्न सक्ने भएकोले । |